जि.का.सप्तरी द.नं. ३(२०३९/०६/१८)-०३९/०४० | म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४३ | अंक ४० | २०८२ साल जेठ ११ गते आइतवार (25 May 2025 Sunday) | मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र –* **पृष्ठ २ मा :** आफ्नो जग्गा छिमेकीले श्रीमतीको ... **पृष्ठ ३ मा :** औषधि नियमन कमजोर : ... **पृष्ठ ४ मा :** निजीकरण : नेपालका लागि ... **पृष्ठ ५ मा :**खैरो हिरोइन र नगदसहित ...

## उपचार खर्च दाताहरुले तिरिदिएपछी विष्णु घर फर्किए



**राजविराज**/उपचार खर्च तिर्न नसेकर विगत तीन दिनदेखी अस्पतालमै वास बसिरहेका बिरामी बालक र उनका आफन्त शनिबार दाताहरुको सहयोगबाट घर फर्किएका छन् ।

पेटको जटिल शल्यक्रिया र उपचार गराउँदा लागेको खर्च तिर्न नसकेर सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ का मनोज मेहतर र डोमनीदेवी दम्पत्तिका ७ वर्षिय छोरा विष्णु अस्पतालमै वास बस्न बाध्य थिए ।

अति विपन्न परिवार मध्येका एक मेहतर दम्पत्तिको एक मात्र छोरा विष्णुको पेटमा जटिल प्रकृतीको रोग देखिएपछी १५ दिनअघि यहाँका चिकित्सकको सल्लाहमा बिराटनगर लगिएको थियो । बिराटनगरस्थित बिराट टिचिङ अस्पतालमा बालक विष्णुको पेटको शल्यक्रिया गरिएको थियो ।

आन्द्राभुँडीमा समस्या देखिएपछी अभिभावकको सहमति लिँदै चिकित्सकले उनको जटिल शल्यक्रिया सम्पन्न गरेको थियो । उपचारका क्रममा करिब २ लाख रुँपैयाको बिल अस्पताल प्रशासनले अभिभावकलाई बुझाएपछी मेहतर दम्पत्ति तनावमा परे । मेहतर दम्पत्ति गाउँ घरमा अर्काको घर खेतमा ज्यालादारी मजदुरी गर्दै आएका छन् ।

समाजसेवा क्षेत्रमा लामो समयदेखी काम गर्दै आएका आफ्नै वडाका युवा इन्जिनियर राहुल कुमार शर्माले उनीहरुको पीडा पोखेपछी व्यक्तिगत सहयोगमा मात्र गरेनन् । सामाजिक संजालमार्फत विपन्न परिवारका बालक विष्णुलाई जोगाउन अपील गर्दै सहयोग जुटाउने अभियान नै चलाए ।

सामाजिक संजालमार्फत गरिएको अपीलबाट प्राप्त सहयोग रकममा नपुग भएको १४/१५ हजार रुँपैया जति थपेर उनी अस्पताल प्रशासनलाई उपचार खर्च बापतको रकम बुझाएर बालकलाई आफ्नो घर पुऱ्याउन सफल भए ।

यता बिराटनगरबाट उपचार गरी छोरा विष्णुलाई लिएर घर फर्केका मनोजले इ. राहुलका साथै अन्य सबै दाताहरुको सहयोगमा आफ्नो एक मात्र छोराले नयाँ जिवन पाएको बताए ।

## ट्याक्टरमा मोटरसाइकल ठोकिदा दुई जनाको मृत्यु, एकको अवस्था गम्भिर



**राजविराज**/हुलाकी राजमार्ग अन्तरगत सप्तरीको राजगढ गाउापालिका ५ मलेकपुर सडक खण्डमा शनिबार दिउँसो भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने दुर्घटनामा एक जना गम्भिर घाइते भएका छन् ।

पत्थरगाढाबाट ईटा बोकेर राजविराजतर्फ आउँदै गरेको स.१त. ५४४२ नं. को ट्याक्टरमा विपरित दिसाबाट आउँदै गरेको मधेश प्रदेश ०२-०१९प.९६२६ नम्बरको मोटरसाइकल ठोकिदा सो दुर्घटना भएको प्रहरीले जनाएको छ ।

तीन जना सवार मोटरसाइकल अनियन्त्रित भई अचानक ट्याक्टरमा ठोकिन गई सो दुर्घटना भएको प्रहरीको अनुमान छ ।

दुर्घटनामा गम्भिर घाइते भएका सप्तरीको विष्णुपुर गाउँपालिका १ निवासी २० बर्षिय सन्तोष यादवको उपचारका लागि ल्याउँदै गर्दा बाटोमै र अर्का गम्भिर घाइते सोही वडा निवासी २२ बर्षीय सागर मंडलको अस्पताल पुऱ्याउदा मृत्यु भएको प्रहरीले जनाएको छ ।

अर्का गम्भिर घाइते सोही वडाका १८ बर्षीय धनन्जय यादवको स्थानिय छिन्नमस्ता अस्पतालमा उपचार सम्भव नभएपछि विराटनगर स्थित नोबेल अस्पताल पठाईएको प्रहरीले जनाएको छ ।

घटनापछी फरार भएका ट्याक्टर चालकको खोजिकार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

शनिबारै बिहान राजविराज-छिन्नमस्ता सडकखण्डमा भएको अर्को मोटरसाइकल दुर्घटनामा राजविराज ७ का १६ वर्षिय मनोज यादव गम्भिर घाइते भएका छन् । स.१प. ६०४८ नम्बरको मोटरसाइकल चढेर जाँदै गर्दा बिहान ५ बजेतिर राजविराज ६ लिल्जा टोलमा दुर्घटना भएको प्रहरीले जनाएको छ ।

घाइते यादवको स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा प्रारम्भिक उपचारपछी बिराटनगरस्थित नोबेल अस्पताल पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## जेल ब्रेक घटनास्थललाई पर्यटकिय स्थलको रुपमा विकास गर्नु पर्छ : वक्ताहरु

**राजविराज**/सप्तरीको चर्चित एवं ऐतिहासिक “हनुमाननगर जेल ब्रेक” घट्नाको सम्झना र सम्मानका साथै उक्त घटना स्थललाई पर्यटकिय स्थलको रुपमा विकास गर्नु पर्नेमा राजविराजमा आयोजित एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् ।

नेपाल-भारत जनमैत्री एकता मञ्च सप्तरीद्वारा विहीवार राजविराजमा आयोजित “हनुमाननगर जेल ब्रेक र नेपाल-भारत जनसम्बन्ध एकता” विषयक कार्यक्रमका सहभागी वक्ताहरुले ऐतिहासिक घट्नाको स्मरण र सम्मान सहित उक्त स्थललाई पर्यटकिय स्थलको रुपमा विकास गर्नु पर्नेमा जोड दिएका हुन ।

सो घटना भएको ८२ वर्ष पुरा भएको छ। सोही घटना हनुमाननगर जेल आक्रमण प्रकरणको छुट्टै विशेष एवं ऐतिहासिक महत्व रहेकाले सो घटनाको ऐतिहासिकताको स्मरण, सम्मान र चर्चासंगै उक्त स्थललाई पर्यटकिय स्थलको रुपमा विकास गर्ने उद्देश्यले यस्तो कार्यक्रमको [redacted]एको पूर्व सिंचाई [redacted]का नेपाल-भारत जनमैत्री एकता मञ्च सप्तरीका संयोजक उमेश कुमार यादवले बताए ।

भारतका तत्कालिन अंग्रेज शाषकको अनुरोधमा राणा शासकहरुले भारतीय स्वतन्त्रता आन्दोलनको क्रममा नेपालबाट पक्राउ परेका भारतीय समाजवादी नेता जय प्रकाश नारायण, राम मनोहर लोहिया, बिजया पटबर्द्धन लगायत ७ जनालाई पक्राउ गरी सप्तरीको पुरानो सदरमुकाम हनुमाननगरस्थित जेलमा कैद गरेका थिए ।

सन १९४३ मइ २२ (वि.स.२००० जेठ ९ गते) सप्तरीका रामेश्बर सिंह, जय मंगल सिंह, चतुरानन्द सिंह, कृण्णा कामी लगायतका नेताहरुले जेलमा आक्रमण गरी उनीहरुलाई कैद मुक्त गराई भारतमा सुरक्षित साथ पुऱ्याएका थिए ।

इतिहास विज्ञ डा.पिताम्बर लाल यादवले सोही ऐतिहासिक घट्नाको सम्झना र सम्मान तथा ऐतिहासिक स्थलको विकासका लागी गरिएको कार्यक्रमले सकारात्मक परिणााम ल्याउने

***बाँकी अन्तिम पृष्ठमा***

## सहिद परिवारलाई रोजगारी, सीप र शिक्षा दिनुपर्छ : मन्त्री लेखी

**जनकपुरधाम**/मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले एक दिनको नाचगान र भोजभतेरले सहिदहरुको सम्मान नहुने भन्दै उनीहरूको परिवारलाई रोजगारी, सीप र शिक्षा दिएर सपना पूरा गर्नेतर्फ सरकार अग्रसर हुनुपर्ने बताएका छन् ।

बुधबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा बोल्दै मन्त्री लेखीले यस्तो बताउँदै सहिदहरुलाई सम्झन केवल समारोह र भाषणमा सीमित रहनु नहुने स्पष्ट समेत पारे ।

सहिद प्रतिष्ठानलाई व्यवस्थित गर्नका लागि मन्त्रालयले

***बाँकी अन्तिम पृष्ठमा***

नियमित रुपमा स्वास्थ्य जाँच गरौं ।

नियमित स्वास्थ्य परीक्षण किन ?

- प्राणघातक रोगहरुको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पुर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न,

त्यसैले,

- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई नियमित रुपमा परीक्षण गराऔं,
- स्वस्थ्य र निरोगी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### विपद्को सययममा सतर्क रहौं

आजदेखी वर्षा हुने सम्भावना रहेको छ। मौसम पूर्वानुमान महाशाखाले यस वर्ष मनसुन समय भन्दा अगावै आएकोले सबैलाई सर्तक रहन आग्रह समेत गरेको छ। यस सन्दर्भमा सप्तरी जिल्लामा वर्षाको मौसममा आउने बाढीका कारण निकै जनधनको क्षति हुने गरेको छ। जिल्लामा आउने विपद् मध्ये एक बाढी पनि हो। बाढीले गर्दा वर्षेनी करौडो रकमको जनधनको क्षति हुनका साथै खेतीयोग्य जमिन समेत नष्ट हुने गरेको छ। जिल्लाका बाढी आउने मुख्य नदी खाँडो नदी हो। यस नदीमा आउने बाढी मानवबस्ती पस्नुका साथै खेतीयोग्य जमिन समेत नष्ट गर्ने गरेको छ।

खाँडो नदीमा अहिले सहत भन्दा बढी बालुवा भरिएको छ। उक्त बालुवा निकाल्न पहल आवश्यक छ। खाँडो नदीले राजविराज, महादेवाहुँदै तिलाठी कोइलाडी गाउँपालिकामा गएर अन्त हुन्छ। यही नदीको बाढीले चार वटै पालिकामा क्षति पुर्‍याउने गर्दछ। यी चार वटै पालिकामा विपद् पूर्वको अभ्यास र तयारी आवश्यक छ। यस नदीको नियन्त्रण र मर्मतको नाममा वर्षेनी बजेट पनि बिनियोजन हुन्छ तर, त्यो सबै बाढीसँगै सिधिन्छ।

तसर्थ बाढीबाट हुने सम्भावित क्षति न्युनिकरण का लागि स्थानीय पालिका तथा सरोकारवाला निकायले सतर्कता अपनाई जनतालाई सुरक्षित रहन आग्रह गर्नेतर्फ अग्रसरता देखाउनु आवश्यक छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# आफ्नो जग्गा छिमेकीले श्रीमतीको नाममा पास गराएको बृद्धाको आरोप



**राजविराज/** सप्तरीको बलान बिहुल गाउँपालिका ६ रामनगर टोलकी ७६ वर्षिया खटरीदेवी यादवनीले आफूलाई झुक्याएर छिमेकीले आफ्नो श्रीमतीको नाममा जग्गा पास गराएको आरोप लगाएकी छिन्।

मन्दिरलाई जग्गा दिने भनी झुक्याएर कागजातमा हस्ताक्षर गराई छिमेकी गजेन्द्र प्रसाद यादवले आफ्नो श्रमितीको नाउँमा उक्त जग्गा पास गराएको भन्दै सोको छानबिन, दोषिलाई कारवाही तथा जग्गा फिर्ताका लागि पहल गरिदिन सबैसँग सहयोगको याचना गरेकी हुन्।

उनले राजबिराजस्थित भुमी, सुधार तथा मालपोत कार्यालयमा लेखापढी व्यवसायीको काम गर्दै आएका छिमेकी गजेन्द्र प्रसाद यादवले आफ्नो नाममा रहेको कित्ता नं.८६ को ५ कट्ठा १४ धुर तथा कित्ता नं. २४९ को २ कट्ठा जग्गा धोखा दिएर आफ्नी श्रीमती मन्जुको नाममा पास गराएको बताईन।

निसन्तान एकल महिलाका श्रीमान झौली यादवको ९ महिना अघि मात्र निधन भएको थियो। उनका अनुसार गाउँ मै रहेको कल्याणेश्वर महादेव मन्दिरको आधुनिकीकरण तथा आम्दानीको श्रोत बढाउन श्रीमान जिवीत रहेकै बखत उक्त जग्गा मन्दिरको नाममा दान गर्ने आफु दुईबीच सल्लाह भएको थियो।

सो कुरा यादव दम्पतीले छिमेकी गजेन्द्रलाई पनि जानकारी गराएका थिए। श्रीमानको मृत्यु भएपछि उनको इच्छा पुरा गर्न आफुले लेखापढी व्यवसाय गर्दै आएका छिमेकी गजेन्द्रको साथ र सहयोग खोज्दा ठगिएको खटर देवीको भनाई छ।

मलाई मालपोत कार्यालयमा पुर्‍याएर धोखामा पारी आफ्नो श्रीमती मञ्जुको नाममा पास गराएको उनले सुनाईन। उनले यस बारे बैशाख १६ गते जिल्ला प्रहरी कार्यालयमा गजेन्द्र बिरुद्ध उजुरी दिएको समेत बताइन्।

यता गजेन्द्रले भने आफुले कुनै धोखा नदिएको र उक्त जग्गा खटरीका श्रीमान झौली जीवित हुदै बखत नै आफुले २१ लाखमा खरिद गरेको दाबी गरेका छन। उनले झौली संग आफ्नो लेनदेनको कारोबार हुने गरेको र उनी संग लिन बाँकी रहेको रकममा केही थपेर २१ लाखमा जग्गा खरिद गरेको दाबी गरेका छन। उनले जग्गा पास गर्न खटरी देवी स्वेच्छाले मालपोत कार्यालयमा आएको र स्वेच्छाले नै मन्जुको नाममा रजिष्ट्रेशन पास गरेको बताएका छन।

### सहिद परिवारलाई ...

सहिद प्रतिष्ठान ऐन ल्याउन लागेको जानकारी दिँदै उनले भने, "वर्षमा एक दिन दोसल्ला ओढाएर सहिद परिवारलाई सम्मान गर्दैमा उनीहरुको उचित सम्मान हुदैन, राज्यले दीर्घकालीन रुपमा सोच्नु पर्छ त्यसैले सहिद प्रतिष्ठान ऐन ल्याउन लागएिको हो।"

प्रदेश सरकारका प्रवक्ता समेत रहेका मन्त्री लेखीले चालु आर्थिक वर्षमा सहिदका सन्तानहरूलाई छात्रवृत्तिका लागि ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको र आगामी वर्षमा सीपमूलक तालिमका लागि ८० लाख रुपैयाँ छुट्याइने जानकारी दिए। उनले भने सीपमूलक तालिमका लागि 'सिलाइ, ब्यूटी पार्लर तालिमसँगै आवश्यक उपकरणहरू पनि प्रदान गरिनेछ।"

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि नीति तथा कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिँदै मन्त्री लेखीले यही जेठ १५ लगत्तै सो कार्यक्रम सार्वजनिक गर्ने तयारी रहेको छ।

मन्त्री लेखीले सञ्चार मन्त्रालय विगतका बजेटमा उपेक्षित हुँदै आएको गुनासो गर्दै यसपटक प्राथमिकतामा राखिएको बताए। उनले भने, "बजेट निर्माणमा सञ्चार क्षेत्र र सहिद परिवारको सम्मान तथा सशक्तिकरणलाई प्राथमिकतामा राखिएको छ।"

पत्रकारहरूको सुरक्षालाई ध्यानमा राख्दै पत्रकार बीमालाईब्गर जीवन बीमामा रूपान्तरण गर्ने तयारी गरिएको समेत बताए। साथै, मधेश प्रदेशका ज्येष्ठ पत्रकारहरूको सम्मान कार्यक्रम छिट्टै आयोजना गरिने जानकारी पनि दिए।

मन्त्री लेखीले पत्रकारहरूसँग प्रत्यक्ष संवाद गरी नीति तथा कार्यक्रमको मस्यौदा सुदृढ बनाउनु उद्देश्य रहेकोले सञ्चारकर्मीहरूको सुझाव र सरोकार समेटेर मन्त्रालयको नीति तयार गरिने जनाए।

मधेश प्रदेशमा नेपाल प्रहरी र सशस्त्र प्रहरीका संरचना कमजोर रहेको स्वीकार गर्दै तिनको सुदृढीकरण र नयाँ पूर्वाधार विकासमा बजेट विनियोजन गरिने जानकारी पनि दिए।

### जेल ब्रेक...

बताउँदै भारतको स्वतन्त्रता संग्रामलाई थप उचाईमा पुर्‍याउन सप्तरीवासीले पनि ठूलो योगदान गरेको सुनाए।

कार्यक्रममा प्रमुख अतिथी पूर्व निर्वाचन आयुक्त डा.अयोधी प्रसाद यादव, जिल्ला समन्वय समितीका प्रमुख शिवनारायण साह, क्याम्पस प्रमुख शुशिल कर्ण, नागरिक समाजका अध्यक्ष थानसिह भन्साली, नेपाल-भारत मैत्री संघका अध्यक्ष मनोज मुन्धडा, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव, आमसञ्चार प्राधिकरण मधेश प्रदेशका निर्वतमान अध्यक्ष श्यामसुन्दर यादव, सञ्चारकर्मी शिव नारायण साह, अवधेश झा, विष्णु मण्डल लगायतले पनि बोल्दै ऐतिहासिक महत्वको उक्त स्थलमा विभिन्न आकर्षक संरचना निर्माण गरी पर्यटकिय स्थलको रुपमा विकास गर्न स्थानीय, प्रदेश र दुबै देशका सरकार मिलेर पहल गर्नू पर्नेमा जोड दिएका थिए।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

# औषधि नियमन कमजोर : औषधि व्यवस्था विभागको सुस्तता

**जिवन के सी**

केही समयअघि सामाजिक संजालमा एउटा लेख पढ्ने मौका मिलेको थियो, उल्लेखित थियो कि एकजना महिला फार्मेसीमा पुजी बिना एन्टिबायोटिकको साथै अन्य औषधिको माग गरिराख्नुभएको हुन्छ, कारण सोध्दा छोराको स्कुलमा सबै साथीलाई रुघा खोकि लागेको रहेछ अनि छोरालाई नलागोस् भन्ने हिसाबले एन्टिबायोटिकको सेवन गराउन लाग्नुभएको रहेछ ।

नेपालको सन्दर्भमा पछिल्लो समयमा पशुपन्छी पालनमा अझ विशेष गरि कुखुरा पालनका साथसाथै कृषि व्यवसायमा पनि एन्टिबायोटिकको जथाभावी प्रयोग बढ्दो छ। रोगको रोकथाम, उपचार, र वृद्धि प्रवर्द्धनका लागि प्रयोग गरिएता पनि जब मानिसले यि यस्ता उत्पादनको खपत गर्न थाल्छन, तब मानव स्वास्थ्यमा गम्भीर असर पर्ने खतरा बढ्ने गर्छ । नेपालमा खासगरी छोटो समयमै कुखुराको तौल बढाउन पशु चिकित्सकको सिफारिसबिना मनलाग्दी एन्टिबायोटिक प्रयोग हुने गरेको छ। अझ कतिसम्म पनि हुने रहेछ भन्दा दानामै मिसाएर कुखुरालाई एक भन्दा बढी एन्टिबायोटिक एकैपटक खुवाउने। त्यही एन्टिबायोटिक मासुमार्फत् मानिसको शरीरमा पुग्छ अनि मानव शरीरलाई संक्रमण गर्न थाल्छ। यस्तो जथाभावी एन्टिबायोटिक प्रयोगले गर्दा गम्भीर बिरामी हुँदा सेवन गरिने उपलब्ध र उपचारका लागि अन्तिम अस्त्र मानिएका एन्टिबायोटिकहरुले पनि काम गर्न छाड्छन्। र, मेडिकल भाषामा हामी यसलाई एन्टिमाइक्रोबियल रेजिस्टेन्स भन्ने गर्दछौं।

एन्टिमाइक्रोबियल रेजिस्टेन्स अहिले नेपालको लागि एक सुषुप्त महामारीको रूप बनिरहेको छ। डब्लूएचओका अनुसार नेपालमा सन् २०१० मा एएमआरका कारण प्रत्यक्ष रूपमा ६ हजार जनाको मृत्यु भएको थियो भने २३ हजार २)) जनाको मृत्युको सहायक कारण एएमआर थियो। सामान्य ज्वरो, रुघा खोकि, घाँटी दुख्ने, टन्सिलको अवस्थामा पनि आफैंले औषधि किनेर सेवन गर्ने वा एन्टिबायोटिकको पूर्ण मात्राको सेवन नगर्ने प्रवृत्तिले यो समस्या झन गम्भीर बनेको छ।

यदि समयमा नै सचेत, सही औषधिको प्रयोग, र डाक्टरको सल्लाह बिना औषधि सेवन नगर्ने बानी बसालिएन भने भविष्यमा साधारण संक्रमणले पनि ज्यान लिन सक्छन्। अथवा कयौं जटिल समस्याहरुको उत्पन्न नहोला भन्न सकिन्न। उदाहरणका लागि यस्ता कयौं जटिल समस्याहरु छन् जहाँ जुनसुकै एन्टिबायोटिकहरूले पनि काम गर्न छाडेका छन, त्यस्तो अवस्थामा अन्तिम उपायको रूपमा कोलिस्टिन जस्ता कडा एन्टिबायोटिक प्रयोग गरिन्छ। कोलिस्टिन एक प्रकारको पोलिमिक्सिन एण्टीबायोटिक हो। अन्तिम उपायको रूपमा प्रयोग गरिने भएकै कारण पनि कोलिस्टिनलाई लास्ट रिसोर्ट एन्टिबायोटिक भन्ने गरिन्छ। कोलिस्टिनले पनि काम गर्न छाडेमा त्यस पछाडिका क्षण कति सम्म कहाली लाग्दा होलान् भन्ने कुराले कल्पनामा पनि तर्साउने गर्ला।

**के नेपालमा औषधि नियमन कमजोर भएकै हो त ?**

नेपालमा औषधिको नियमन, गुणस्तर, वितरण, मूल्य, उपलब्धता र प्रयोगको जिम्मेवारी औषधि व्यवस्था विभाग (डिडिए)को हो। यसको मुख्य उद्देश्य नेपालमा औषधिको सुरक्षा, प्रभावकारिता र गुणस्तर सुनिश्चित गर्नु हो, ताकि मानिसहरूलाई सुरक्षित र प्रभावकारी औषधिहरू बिना झन्झट अनि समयमै प्राप्त होस्। तर वर्तमान् अवस्था हेर्दा नियमन प्रणाली कमजोर, फितलो र अपुरो भएको देखिन्छ। पछिल्ला केही वर्षमा बजारमा नक्कली, म्याद गुज्रेका, औषधि सामग्रीहरूको सही परिमाण नभएका, मूल्य र दर्ता नभएका औषधिहरू भेटिनु बढ्दो चिन्ताको विषय बनेको छ।

औषधि ऐन, २०३५ ले नेपालमा औषधिको उत्पादन, बिक्री(वितरण, आयात(निर्यात र भण्डारणमा निगरानी राख्न कानुनी ढाँचा प्रदान गरेको छ। तर, श्रोतसाधनको अभाव, प्रविधिमा लगानीको कमी, सिमित जनशक्ति तथा बजारमा सक्रिय असंगठित नेटवर्कले औषधि नियमनमा गम्भीर चुनौती खडा गरिरहेको पाइन्छ।

औषधि व्यवस्था विभागका अनुसार हालसम्म डिएएमएस (औषधि दर्ता प्रणाली) मा १७) औषधि उत्पादककर्ता र १९० आयातकर्ताहरू दर्ता भएका छन, तर अनुगमन गर्ने जनशक्ति भने सीमित छन्। तिनै सिमित निरीक्षकहरूले बजारमा रहेका लाखौं औषधिको निगरानी गर्नुपर्दा झन्झटिलो र अभावसँग जुध्नुपर्ने बाध्यता रहेको पाइन्छ।

जनस्वास्थ्य सुरक्षाका लागि औषधिको गुणस्तर अनिवार्य छ। औषधिमा त्रुटि हुनु भनेको रोगीको ज्यान जोखिममा पार्नु हो। नियमन सुधार गर्न प्रविधिको प्रयोग, नियमित निरीक्षण, तथा पारदर्शिता अभिवृद्धि गर्नुपर्नेमा जोड दिनुपर्छ।

पछिल्लो समय सरकारले औषधि अनुगमनलाई प्रभावकारी बनाउन डिजिटल ट्र्याकिङ प्रणाली लागू गर्ने योजना अघि सारेता पनि नीतिगत र प्रशासनिक ढिलासुस्तीका कारण कार्यक्रम कार्यान्वयन हुन सकेको छैन।

सशक्त नियामक प्रणाली बिना गुणस्तरीय औषधिको पहुँच सम्भव छैन। त्यसैले, नीति निर्माणकर्ता, उद्योग, र उपभोक्ताबीच सहकार्य गरेर औषधि व्यवस्था विभागले औषधि नियमन प्रणालीलाई सुदृढ गर्नुपर्ने हुन्छ ताकि बजारमा रहेका नकली, म्याद गुज्रेका, औषधि सामग्रीहरूको सहि परिमाण नभएका, मुल्य र दर्ता नभएका औषधिहरूमाथि कडा निगरानी सहित कानूनबमोजिम कारबाहीका लागि सम्बन्धित निकाय वा अधिकारीको ध्यानाकर्षण हुन जरुरी छ।

**औषधि ऐन २०३५ अनुसार कानुनी दण्ड सजायः**

(१) औषधि ऐन २०३५ को परिच्छेद ९४ (औषधिको उत्पादन बिक्री(वितरण तथा निकासी पैठारी) को बर्खिलाप वा दफा २५ (नेपाल सरकारले औषधिको उत्पादन, बिक्री( वितरण, सञ्चय, परिवहन, निकासी, पैठारी वा सेवन गर्न मनाही गर्न सक्ने) बमोजिमको आदेशको बर्खिलाप काम कारवाई गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा पच्चीसहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(२) दफा १८ (औषधिको झुट्टा वा भ्रमात्मक प्रचार गर्न नहुने) को विपरीत हुने गरी औषधिको अनुचित प्रयोग वा दुरूपयोग गरेमा वा दफा २( ( औषधिमा मिसावट र मिसावट भएको औषधि बिक्री गर्न नहुने) को बर्खिलाप कसैले औषधिमा मिसावट गरेमा वा मिसावट भएको औषधि बिक्री गरेमा वा कुनै अरू थोकलाई औषधि भनी बिक्री गरेमा वा दफा ३) (म्याद नाघेको औषधि बिक्री(वितरण गर्न नहुने) को बर्खिलाप म्याद नाघेको औषधि बिक्री वितरण गरेमा वा दफा ३३ (लागु र बिषालु औषधि सुरक्षित राख्नु पर्ने) को बर्खिलाप हुने गरी कुनै काम कारवाही गरेमा निजलाई देहाय बमोजिम सजाय हुनेछ

(क) ज्यानलाई खतरा पुग्ने संभावना भएमा जन्मकैद, वा दश वर्षसम्म कैद र जरिवाना,

(ख) शरीरको कुनै अंगको शक्ति क्षीण वा हरण हुन सक्ने भएमा दश वर्षसम्म कैद र जरिवाना,

(ग) अन्य अवस्थामा पाँच वर्षसम्म कैद वा जरिवाना वा दुबै।

(३) उपदफा (१) र (२) मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम बर्खिलाप कुनै काम कारवाई गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। स्वास्थ्य खबरबाट

# विपद्को बेला तयारी अवस्थामा रहन आग्रह

**राजविराज**/विपद व्यवस्थापन समितिले विपद्को समयमा खोज तथा उद्दार कार्यमा प्रयोग हुने उपकरण उद्दार मामाग्री तयारी अवस्थामा राख्ने, घटना घटेका समयमा तत्काल प्रतिकार्यका लागि आवश्यक स्काभेटर, ब्याकहो लोडर, एम्बुलेन्स र औषधी जस्ता साधनहरु सम्बन्धित निकाय तथा सबै स्थानीय तहहरु, स्वास्थ्य संस्था/अस्पतालहरुले तयारी अवस्थामा राख्ने निर्णय गरेको छ।

बुधबार बसेको बैठकले जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकीय अधिकृत जितेन्द्र कुमार पासवानको संयोजकत्वमा चार सदस्यीय विपद व्यवस्थापन उपसमिति गठन गर्दै १२ बुँदे निर्णय समेत सार्वजनिक गरेको हो।

प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा बसेको बैठकले उपसमितिको सदस्यहरुमा रेडक्रस सोसाइटी सप्तरीका जोगेन्द्र भगत, गैसस महासंघका नीर शहादुर आले तथा कोशी पीडित समाज नेपालको देवनारायण यादवलाई चयन गरेको छ।

बैकठले विपद् प्रभावितलाई तत्काल आश्रय र व्यवस्थापनको लागि सबै स्थानीय तहहरुले आफ्नो पालिका भित्रका खुल्ला क्षेत्र तथा सामाग्रीहरुको विवरण जिल्ला विपद् व्यवस्थापन समिति समक्ष पठाउने, जिल्लामा संचालित विकास निर्माण र बाटोघाटो निर्माणसँग सम्बन्धी कार्य वर्षातको समय आउनुपूर्व यथाशिघ्र सम्पन्न गर्न स्थानीयतहरु र आयोजना संचालन गर्ने सडक सम्बद्ध कार्यालयहरुमा लेखि पठाउने निर्णय पनि गरेको छ।

विपदबाट हुने संकटको सामना गर्न आवश्यक पर्ने राहत तथा उदार सामाग्रीहरु नभएका नगरपालिका/गाउँपालिकाले तत्काल खरिद गरी भण्डारण गर्ने, विषद्को समयमा आवश्यक पर्ने खाद्यान्न लगायत अन्य राहत सामाग्री भण्डार गरी आवश्यक परेको बखत सहज रुपमा उपलब्ध गराउने गरी सोको व्यवस्थापन उद्योग बाणिज्य संघले गर्ने, निर्माणाधीन अवस्थामा रहेको हुलाकी राजमार्ग, रुपनी-राजविराज सडक खण्ड, राजबिराज-हनुमाननगर लगायत अन्य निर्माणाधीन सडक खण्डहरु बर्षातको समयमा सडकमा पानि जमि दुर्घटना हुने र सवारी आवागमन समेतमा कठिनाई हुने भएको र विपदमा उद्धारको लागि समेत अबरोध सिर्जना हुने भएकोले उक्त सडक खण्डहरु तिब्रताका साथ सम्बन्धित आयोजना र कार्यालयहरुले निर्माण व्यवसायीसँग समन्वय गरी समयमै काम सकी सहज सवारी अवागमन हुने व्यवस्था मिलाउने निर्णय गरेको छ।

बर्षातको समयमा खोलामा पानिको वहाव बढेर कटान तथा डुवानमा पर्ने नदी तथा खोला नियन्त्रण गर्न स्थानीय तह, खाडो नदी नियन्त्रण आयोजना, कोशी पम्प चन्द्र नहर सिंचाई व्यवस्थापन कार्यालय, जलस्रोत तथा सिंचाई व्यवस्थापन लगायतका कार्यालयहरुले एक आपसमा समन्वय गरी संभावित जोखिमलाई न्यूनिकरण गर्ने व्यवस्था गर्ने, बाढीजन्य क्षति न्यूनिकरण गर्ने प्रयोजनार्थ डिभिजन कार्यालयमा जियो ब्याग, प्लाष्टिक बोरा र नाइलन जाली उपलब्ध नरहेकोले भनी जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयमा उक्त सामाग्री आवश्यक व्यवस्थापनका लागि सम्बन्धित निकायबाट तालुक निकायमा माग गर्ने, खाडो नदीबाट हुने कटान डुबानबाट बस्ती, जंगल, नर्सरीको संरक्षणको लागि संघ सरकार र प्रदेश सरकारसँग बजेट माग गर्ने निर्णय गरिएको छ।

नेपाल रेडक्रस सोसाइटी शाखा कार्यालय सप्तरी तथा विपद्को क्षेत्रमा काम गर्ने सामाजिक संघ संस्थाले विपदको समयमा दलित, विपन्न घर परिवारलाई आवश्यक पर्ने राहत सामाग्री तयारी अवस्था राख्ने लगायतका निर्णयहरु गरिएको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, सप्तरी**

# निजीकरण : नेपालका लागि अवसर कि चुनौती ?

**डा. तुलसीराम भण्डारी**

निजीकरण (प्राइभटाइजेसन) भन्नाले सार्वजनिक (सरकारी) स्वामित्वमा रहेको उद्योग, सेवा वा संस्थालाई पूर्ण रूपमा वा आंशिक रूपमा निजी क्षेत्रको स्वामित्वमा दिने वा निजी क्षेत्रबाट सञ्चालन गराउने प्रक्रिया हो।

यसको उद्देश्य आर्थिक क्रियाकलापमा सरकारको भूमिकालाई घटाएर निजी क्षेत्रलाई प्रवर्द्धन गर्नु, दक्षता वृद्धि गर्नु र प्रतिस्पर्धा बढाउनु हो। निजीकरणको अवधारणा १(८) को दशकमा तीव्र रूपमा प्रचलनमा आयो। विशेष गरी ब्रिटेनकी प्रधानमन्त्री मार्गरेट थ्याचर र अमेरिकाका राष्ट्रपति रोनाल्ड रेगनका पालामा तीव्र रूपमा अघि बढेको देखिन्छ। यी नेताले सरकारी स्वामित्वका उद्योगहरूलाई निजी क्षेत्रलाई हस्तान्तरण गरे, जसलाई 'थ्याचरबाद" पनि भनिन्थ्यो। पछि यो नीति विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) जस्ता संस्थाहरूले विकासशील मुलुकहरूमा पनि क्रमशः लागु गराउन थाले।

नेपालमा २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापनापछि देशले आर्थिक उदारीकरणको बाटो समात्यो। सन् १९९२ (वि.सं. २०४८) सालको आम निर्वाचनपछाडि गठन भएको नेपाली कांग्रेसको सरकारले पहिलोपटक औपचारिक रूपमा नेपालमा निजीकरण प्रक्रिया सुरु गरेको थियो। तत्कालीन सरकारले यसलाई एक महत्त्वपूर्ण आर्थिक सुधारको पहल भनेर दाबी गरे पनि यो बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापछि सरकारी स्वामित्वका घाटामा रहेका संस्थानलाई क्रमशः निजी क्षेत्रलाई हस्तान्तरण गर्ने र नेपालको शिक्षा, स्वास्थ्य लगायत क्षेत्रमा निजीलाई संलग्न गर्ने उद्देश्यले थालिएको थियो। यो निजीकरणको नीति अन्तर्राष्ट्रिय वित्तीय संस्था (जस्तै : विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष) को सुझाव अनुसार अपनाइएको हो।

निजीकरण गर्नुको प्रमुख उद्देश्य सरकारको बोझ कम गर्ने, दक्षता र प्रतिस्पर्धा बढाउने, निजी क्षेत्रको सक्रियता र लगानी आकर्षित गर्ने थियो। प्रारम्भमा एकातर्फ उद्योग, होटल, बैंक, बिमा, यातायात आदि क्षेत्रका सरकारी स्वामित्वका संस्थानको निजीकरण गरिएको थियो भने अर्कोतर्फ राज्यले अनिवार्य जिम्मेवारी बहन गर्नुपर्ने शिक्षा र स्वास्थ्यजस्ता क्षेत्रमा पनि निजी क्षेत्रलाई तीव्रताका साथ संलग्न गर्न थालियो, परिणाम निजी क्षेत्रका मेडिकल कलेज लगायत शैक्षिक संस्था तथा अस्पताल उल्लेख्य संख्यामा खुले। यसबाट नेपाली समाजमा अवसरहरू र चुनौती दुवै सिर्जना भएको देखिन्छ।

निजीकरणले निजी क्षेत्रलाई आर्थिक गतिविधिमा प्रवेश गर्ने अवसर दियो जसले सेवा प्रवाहमा सुधार, प्रतिस्पर्धा र प्रविधिको उपयोग, ग्राहक सन्तुष्टि र नवप्रवर्तन तथा प्रवर्द्धन बढायो। निजी क्षेत्रको विस्तारसँगै लगानी, व्यापार, सेवामा नवीनता र सुधार देखियो। केही क्षेत्रमा निजीकरणपछि सेवाहरू विस्तार हुँदा नयाँ रोजगारी सिर्जना भए (विशेष गरी बैंकिङ, दूरसञ्चार, पर्यटन, शिक्षा, स्वास्थ्य आदिमा)। घाटामा रहेका धेरै सार्वजनिक संस्थानलाई निजीकरण गर्दा सरकारको वित्तीय बोझ घट्यो, जसले अन्य सामाजिक क्षेत्रमा खर्च गर्न सक्ने अवसर प्रदान गर्‍यो।

पारदर्शिता र जवाफदेहिता निजीकरणको मूलमर्म हो तर यस विपरीत अधिकांश निजीकरण प्रक्रियामा पारदर्शिता थिएन, जसले भ्रष्टाचार र अनियमितता बढायो। कतिपय संस्थानहरू कम मूल्यमा आफ्ना नजिकका व्यापारी वा राजनीतिक निकटताका समूहहरूलाई बेचिएको आरोप लाग्यो। धेरै सरकारी उद्योगहरू निजीकरण गर्दा कर्मचारीहरू बेरोजगार भए, सामाजिक सुरक्षामा कमी आयो। सेवा सर्तमा कटौती हुँदा कर्मचारीहरू असन्तुष्ट बने। त्यसै गरी निजीकरणबाट रोजगारीका अवसर वृद्धिको हुनुको साथसाथै रोजगारीको सुरक्षा हुनुको सट्टा कर्मचारी तथा कामदारहरूमा असुरक्षित हुने परिस्थिति बढ्दै गयो। निजी लगानी प्रायः सहरी क्षेत्रमा केन्द्रित भयो, जसले ग्रामीण र दुर्गम क्षेत्रमा सेवाको पहुँचमा असमानता बढायो।

त्यसैगरी एकातर्फ निजीकरणपश्चात् टेलिकम, हवाई सेवा, बैंकिङ, शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रमा गुणस्तरीय सेवा, प्रविधिको प्रयोग र नवप्रवर्तन भएको देखियो। प्रतिस्पर्धाले सेवाग्राहीको हितमा सुधार ल्यायो। निजी क्षेत्रको सक्रियताले समग्र आर्थिक वृद्धिमा टेवा पुग्यो। निजी कम्पनीबाट कर संकलन बढेपछि सरकारी आम्दानीमा वृद्धि भयो भने अर्कोतर्फ निजीकरणको लाभ मुख्यतः ठुला उद्योगपति, व्यापारी वा पहुँचवाला समूहमा सीमित भयो। सामान्य नागरिक, गरिब तथा ग्रामीण समुदायलाई प्रत्यक्ष लाभ कम भयो। केही महत्त्वपूर्ण सेवा (जस्तै : शिक्षा, स्वास्थ्य) पनि निजीकरण हुँदा गरिब वर्गको पहुँच कमजोर भयो। मुनाफामुखी दृष्टिकोणले सामाजिकन्याय र समावेशी विकासमा अवरोध सिर्जना गर्‍यो।

२०४८ सालपछिको निजीकरणले नेपालमा आर्थिक क्षेत्रको विकास, सेवाको सुधार र निजी क्षेत्रको सशक्तीकरणका लागि केही अवसर सिर्जना गर्‍यो। यद्यपि प्रक्रिया पारदर्शी नहुनु, सामाजिक सुरक्षा उपेक्षा हुनु र लाभको असमान वितरणजस्ता समस्याले यसलाई विवादास्पद बनायो। भविष्यमा निजीकरण गर्दा सामाजिक समावेशीकरण, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्नु आवश्यक छ, ताकि दिगो र न्यायपूर्ण विकास सम्भव होस्। (लेखक भण्डारी सह-प्राध्यापक, जनस्वास्थ्यविज्ञ तथा पोखरा विश्वविद्यालयका पूर्वपरीक्षा नियन्त्रक हुन्।) रातोपाटीबाट

# फरार तीन प्रतिवादी पक्राउ



**राजविराज**/जिल्ला प्रहरी कार्यालय सप्तरीले अदालतबाट कैद सजाय तोकी फरार रहेका तीन प्रतिवादीलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले सप्तरी जिल्ला अदालतबाट विभिन्न मुद्दामा फैसला भई कैद सजाय तोकिएका तीन जनालाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा ठगि मुद्दाका सप्तरीको तिरहुत गाउँपालिका २ का सुमन कुमार मिश्रा छन्। उनलाई सो मुद्दामा सप्तरी जिल्ला अदालतले २ वर्ष ११ महिना १० दिन कैद सजाय तोकेको थियो।

यस्तै लेनदेन बिगो मुद्दाका फरार प्रतिबादी सप्तरीको डाक्नेश्वरी नगरपालिका २ निवासी सन्तोष कुमार साह पनि पक्राउ परेका छन्। सो मुद्दामा सप्तरी जिल्ला अदालतले उनलाई एक वर्ष सजाय कैद हुने ठहर गरेको थियो।

यसैगरि सोही मुद्दामा सप्तरी जिल्ला अदालतबाट २ महिना कैद सजाय तोकिएको सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ३ निबासी बद्री मुखिया पनि पक्राउ परेका छन्। उनलाई सप्तरी जिल्ला अदालतले उक्त मुद्दामा दुई महिना कैद सजाय हुने फैसला गरेको थियो।

अदालतको फैसलापछी फरार रहेका उनीहरुलाई खोजतलासका क्रममा गाउँ घरमा लुकीछिपी बसेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए। पक्राउ परेकाहरुलाई आइतबार नै कैद सजाय भुक्तानका लागी अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ।

# योजना अधिकृत मनोज यादवसहित तीन जनालाई कारवाहीको माग गर्दै प्रहरीमा उजुरी

**राजबिराज**/राजबिराज नगरपालिकाका कार्यबाहक नगर प्रमुख इसरत परवीनले योजना अधिकृत मनोज यादबसहितका केही ब्यक्तिहरुलाई कारबाहीको माग गर्दै प्रहरीमा उजुरी दिएकी छिन।

नगरपालिकाको बिभिन्न फाँट र आफ्नो कार्यकक्षमा समेत पसेर तोडफोड र गालीगलौज गर्दै उपद्रव मच्चाएको भन्दै उनीहरु बिरुद्ध बिहीबार प्रहरीमा उजुरी दिएकी हुन्।

बडाअध्यक्ष शशी चौधरी, जयनारायण मण्डल तथा सरसफाई कर्मचारीसहित जिल्ला प्रहरी कार्यालय पुगेकी कार्यबाहक मेयर परवीनले प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडालाई उजुरी पत्र बुझाउँदै कारबाहीको माग गरेकी छिन।

उक्त कार्यमा संलग्न राजबिराज नगरपालिका १५ घर भएका योजना शाखाका अधिकृत मनोज कुमार यादव, राजबिराज नगरपालिका १३ का गजेन्द्र यादव र राजबिराज नगरपालिका ९ का सुधिर यादव सहित ५/६ जनाको समुहमा आएका ब्यक्तिले बुधबार साँझ कार्यालयमा बैठक बसेका बेला विभिन्न फाँट र आफ्नो कार्यकक्षमा प्रवेश गरी सरसमान क्षतविक्षत बनाएको, टि-टेवल, गमला र पानीको जार तोडफोड गरेको र आफुलाई लक्षित गरी अभद्र गाली बचन प्रयोग गरेको उनले उजुरीमा उल्लेख गरेकी छिन।

उजुरीपत्र मार्फत उनीहरुलाई अविलम्ब पक्राउ गरी सार्वजनिक भौतिक संरचनाको अनाधिकृत कब्जा, विनास एवं अपराधिक उपद्रव तर्फ कारवाही चलाउन माग गरिएको छ। उजुरी मार्फत उनले मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा ६ बमोजिम कारवाही हुनु पर्ने माग समेत गरेकी छिन।

उजुरीमा उनले गत वर्षको असार महिनामा सरसफाइकर्मीले काम गरेको १६ दिनको तलब बाँकी रहेको र योजना अधिकृत यादबल भुक्तानीमा बखेडा झिकेपछि करिब एकसय जना सरसफाईकर्मी काम छाडेर नगरपालिका कार्यालयको प्रवेशद्वार मै धर्नामा बसेको समेत उल्लेख गरेकी छिन।

योजना अधिकृत यादव कै कारण बिहीबार सरसफाईकर्मी कार्यालयको प्रवेशद्वार मै कुचो थुपारेर काम रोक्दा नगरको सरसफाई कार्य समेत प्रभावित बनेको भन्दै उनले कार्यालयमा काम गर्ने बाताबरणका लागी सुरक्षा सहितका व्यवस्था मिलाउन आग्रह गरेकी छिन।

# झुण्डिएको अवस्थामा एक युवतीसहित दुई शव फेला

**राजबिराज**/सप्तरीको कंचनरुप नगरपालिकामा एकै दिन दुई छुट्टाछुट्टै स्थानबाट एक युबती सहित दुई जनाको झुण्डिएको अवस्थामा शव फेला परेको छ।

ईलाका प्रहरी कार्यालय कंचनपुरका अनुसार गत आईतवार दिउसो र साँझ क्रमश कंचनरुप नगरपालिका ३ तत्मा टोलमा आफनै घरमा झुण्डिएको अवस्थामा १७ वर्षिया नन्दिनी कुमारी दास र कंचनरुप नगरपालिका ८ स्थित सिंचाई कार्यालयमा २० वर्षिय कमलाकान्त महात्मान यादबको मृत शरीर झुण्डिएको अवस्थामा फेला परेको हो।

नन्दिनीको दिउँसो ३ बजेतीर साडीको पासो लगाइ झुण्डिएको अवस्थामा मृत शरिर फेला परेको छ भने साँझ ६ बजेतीर कमलाकान्त सिचाई कार्यालयको प्रमुखको कार्यकक्षमा रहेको सिलिङ्ग पंखामा नाइलनको डोरीको पासो लगाई झुण्डिएको अवस्थामा फेला परेको इलाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए।

सिंचाई कार्यालयमा सुरक्षागार्ड पदमा कार्यरत सप्तरीको तिरहुत गाउँपालिका ३ का महेन्द्र महात्मन यादवका छोरा कमलाकान्त बुवालाई भेटन आएको बेला के कारणले झुण्डिएको हो भन्ने विषयमा अनुसन्धान भइरहेको प्रहरीको भनाई छ।

यस्तै नन्दिनी घरमा कोही नभएको बेला झुण्डिएर आत्महत्या गरेको प्रारम्भीक अनुसन्धानमा देखिएको प्रहरीको भनाई छ। मृतक दुबैको शव पोस्टमार्टमका लागी स्थानीय गजेन्द्र नारायण सिह अस्पताल पुऱ्याइ घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**

# खैरो हिरोइन र नगदसहित पक्राउ परेका दाजुबहिनी सार्वजनिक

**सिरहा**/सिरहा प्रहरीले ठूलो परिमाणमा लागुऔषध खैरो हिरोइन र नगदसहित पक्राउ परेका दाजुबहिनीलाई सार्वजनिक गरेको छ ।

गोप्य सूचनाको आधारमा बैशाख २ गते लहान नगरपालिका १२ भोटिया टोलबाट पक्राउ परेका उनीहरुलाई सार्वजनिक गरिएको छ ।

सार्वजनिक गरिएकाहरुमा लहान नगरपालिका २२ का ३२ वर्षीय दिनेशकुमार यादव र उनकी बहिनी २६ वर्षीया किरणकुमारी छन् । उनीहरुबाट ५५ लाख २२ हजार ९ सय ८३ रुपैयाँ नगद र खैरो हिरोइन जस्तो देखिने पदार्थ प्लास्टिकसहित २.८ ग्राम तथा प्लास्टिकबाहेक २.१ ग्राम बरामद गरिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार यादव २०८० साउन १२ मा प्लास्टिकसहित ४.४ ग्राम र प्लास्टिकबाहेक ३.६ ग्राम खैरो हिरोइनसहित पक्राउ परेका थिए । सो मुद्दामा असोज २४ गते पुर्पक्षका लागि कारागार चलान भएकोमा अदालतको फैसलाबमोजिम ६ महिना कैद भुक्तान गरी छुटेको खुलेको छ ।

सिरहाका प्रहरी प्रमुख एसपी अनन्तराम शर्माले बरामद रकम उनीहरुले खैरो हिरोइन बिक्रीबाट जम्मा पारेको खुलेको जानकारी दिए । बरामद खैरो हिरोइन करिब ८ लाखभन्दा बढीको रहेको छ । प्रहरीका अनुसार प्रतिग्राम ४ देखि ५ हजारमा खरिदबिक्री हुन्छ ।

यस्तै बरियारपट्टी गाउपालिका ३ बाट खैरो हिरोइनसहित पक्राउ परेका थप दुई जनालाई पनि सिरहा प्रहरीले सार्वजनिक गरेको छ । औरही गाउँपालिका २ का २० वर्षीय कृष्णकुमार यादव र १९ वर्षीय निरज राईलाई सार्वजनिक गरेको हो । उनीहरुबाट ७.१ मिलिग्राम खैरो हिरोइन बरामद भएको प्रहरीले जनाएको छ ।

यस्तै १६ लाख ३८ हजार ३७ रुपैयाँसहित पक्राउ परेका हुण्डी कारोबारीलाई पनि सार्वजनिक गरिएको छ । प्रहरीका अनुसार सिरहा नगरपालिका २ बाट वडा नम्बर १७ का सञ्जय कारक पक्राउ परेका छन् ।

# हतियारसहित अन्य सरसामान चोरी गरि फरार भएका चोर पक्राउ

**राजविराज**/नेपाल बैंक लिमिटेडको कल्याणपुर शाखाको सुरक्षा गार्ड बस्ने कोठाबाट हतियारसहित अन्य सरसामान चोरी गरि फरार भएका चोर पक्राउ परेको छ ।

प्रहरीका अनुसार बिहीबार मध्यराती सप्तरीको खडक नगरपालिका ७ स्थित नेपाल बैंक लिमिटेडको कल्याणपुर शाखामा चोरी भएको थियो ।

पक्राउ परेका व्यक्ति सप्तरीको खडक नगरपालिका वडा नम्बर ६ बिरपुर घर भएका २० बर्षीय अपसाद अन्सारी रहेको प्रहरीले जनाएको छ ।

अन्सारीलाई सिरहा प्रहरीको सहयोगमा चोरी भएका सामानसहित लहानबाट नियन्त्रणमा लिएको प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।

चोरले कम्प्युटर स्क्यानर दुई थान, ल्यापटप दुई थान, खुकुरी दुई थान, सर्ट गनमा लाग्ने कार्टिज २० राउण्ड, एक नाले १२ बोरको हतियार, सिमकार्ड एक थान, घडी दुई थान, मोबाईल पाँच थान, मिनि स्पीकर एक थान र डिजिटल तराजु लगायतका सामाग्रि चोरेर लगेका थिए ।

बैंकको सुरक्षा गार्ड सप्तरीको शम्भुनाथ नगरपालिका ७ का ३९ बर्षीय प्रमोद चौधरी र कञ्चनरुप नगरपालिका ५ का ४४ बर्षीय परशुराम चौधरी दुवैजना बैंकको सुरक्षा गार्ड कोठामा सुतिरहेका बेला दराजबाट चोरले उक्त परिमाणको सामान चोरी गरि लगेका थिए ।

घट्ना पश्चात प्रहरीले बैंकमा जडान गरिएको सिसि टिभि क्यामरा फुटेज नियाल्दै अनुसन्धान अगाडी बढाएको थियो । सोही क्रममा इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको टोलीले सिरहा प्रहरीको सहयोगमा शुक्रबार बिहान ३ बजेतिर उनलाई पक्राउ गर्न सफल भयो ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, बान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, बान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**


## अन्तर्राष्ट्रिय समाचार

# युक्रेनसँगको शान्ति सम्झौताको मस्यौदा तयार गर्दै रूस

**मास्को**/रूसी विदेशमन्त्री सेर्गेई लावरोभले मस्कोले युक्रेनसँग दीर्घकालीन शान्ति सम्झौताका लागि आवश्यक सर्तहरूको समावेश भएको दस्तावेजको मस्यौदा तयार गरिरहेको जानकारी दिनुभएको छ । उहाँका अनुसार यो मस्यौदा कैदीहरूको आदान-प्रदान प्रक्रिया सम्पन्न भएपछि प्रस्तुत गरिनेछ । रूसी विदेश मन्त्रालयको वेबसाइटमा प्रकाशित विज्ञप्तिमा विदेशमन्त्री लावरोभले रूस किभसँग तीन वर्षभन्दा बढी समयदेखि चलिरहेको युद्धको शान्तिपूर्ण समाधानमा प्रतिबद्ध रहेको उल्लेख गर्नुभएको छ । उहाँले पछिल्लो समयमा युक्रेनले गरेको निरन्तर ड्रोन आक्रमणका कारण रूसको हवाई यातायात प्रभावित भएको पनि जनाउनुभयो । लावरोभले अमेरिकी पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा भएका शान्ति प्रयासहरूलाई युरोपेली मुलुकहरूले असफल बनाउन युक्रेनलाई उक्साएको आरोप लगाउँदै रूस सधैं वार्ताका लागि खुला रहेको र शान्तिपूर्ण समाधानमा पूर्ण रूपमा समर्पित रहेको बताउनुभयो । हाल सम्झौताको दोस्रो चरणमा काम भइरहेको जानकारी दिँदै लावरोभले मस्यौदा विश्वसनीय र दीर्घकालीन शान्तिका लागि आवश्यक सर्तहरूको रूपरेखा भएको उल्लेख गर्नुभयो । कैदीहरूको आदानप्रदान पूरा भएपछि रूसले मस्यौदा युक्रेनमा पठाई थप छलफलका लागि तयार रहेको उहाँले स्पष्ट पार्नुभयो । एजेन्सी

# दबाबबीच बंगलादेशका अन्तरिम सरकार प्रमुख युनुसको प्रमुख दलहरूसँग भेटवार्ता

**ढाका**/बंगलादेशका अन्तरिम सरकार प्रमुख तथा नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसले शनिबार देशका प्रमुख राजनीतिक दलहरूसँग भेटवार्ता गर्ने तयारी गर्नुभएको छ । यो वार्ता पछिल्लो समय सरकारमाथि बढ्दो राजनीतिक दबाबको सन्दर्भमा महत्वपूर्ण मानिएको छ । युनुसले सत्ता समर्थन गर्ने दलहरू मात्र होइन, प्रतिद्वन्द्वी दलहरूसँग पनि सम्वाद गर्ने कार्यक्रम रहेको बताइएको छ । युनुसका प्रेस सचिव शफीकुल आलमका अनुसार उहाँले डिसेम्बरको अन्त्यमा हुने सम्भावित निर्वाचनको तयारीका विषयमा नेसनलिस्ट पार्टी अफ बङ्गलादेश (बीएनपी) का नेताहरूसँग छलफल गर्ने छन् । साथै, युनुसले मुस्लिम राष्ट्र बङ्गलादेशको सबैभन्दा ठूलो इस्लामवादी दल इस्लामी पार्टीका नेताहरूसँग पनि वार्ता गर्ने कार्यक्रम रहेको जनाइएको छ । देशमा शेख हसिनाको सरकार अपदस्त भएपछि बङ्गलादेश गम्भीर राजनीतिक सङ्कटमा फसेको छ । पछिल्ला दिनहरूमा ढाकाका सडकमा व्यापक विरोध प्रदर्शन र तनाव देखिएको छ । बीएनपीका मिडिया अधिकारी साइरुल कबिर खानका अनुसार, उहाँहरूको पार्टीबाट वार्ताका लागि वरिष्ठ नेताहरू सहभागी हुनेछन् । इस्लामी पार्टीका मिडिया प्रवक्ता अताउर रहमानले पनि उनीहरूलाई वार्तामा सहभागी हुन सरकारबाट निमन्त्रणा आएको पुष्टि गर्नुभयो । यसैबीच, बिहीबार एक राजनीतिक सहयोगी र युनुसको कार्यालय स्रोतले बताएका अनुसार, युनुसले यदि प्रमुख दलहरूले आफूलाई समर्थन नगरेमा राजीनामा दिने चेतावनी दिनुभएको छ । बुधबार, बीएनपीका समर्थकहरूले निर्वाचनको मिति तोक्न माग गर्दै पहिलो पटक अन्तरिम सरकारविरुद्ध सडक प्रदर्शन गरेका थिए । प्रदर्शनकारीहरूको दबावबीच युनुसले निर्वासनबाट फर्किएपछि मुलुकको नेतृत्व सम्हालेको स्मरण गराउँदै चुनावअघि लोकतान्त्रिक सुधारहरू कार्यान्वयन गर्ने आफ्नो जिम्मेवारी रहेको बताउनुभयो । एजेन्सी

# गाजामा राहत सामग्री लुटिँदा मानवीय संकट गहिरो हुँदै : संयुक्त राष्ट्रसंघ प्रमुख

**गाजासिटी**/संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गाजामा भइरहेको युद्ध अहिले सबैभन्दा पीडादायी र क्रूर अवस्थामा पुगेको बताउनुभएको छ । इजरायलले केही समयदेखि गरेको कडा घेराबन्दी केही सहज बनाएपछि राहत सामग्री गाजामा प्रवेश गर्न थालेको थियो। तर राहत लादिएका १५ भन्दा बढी ट्रकहरू बाटोमै लुटिए, जसले अवस्था अझ भयावह बनाएको छ । गाजा क्षेत्र लामो समयदेखि युद्धको चपेटामा छ । युद्धका कारण त्यहाँ खाद्यान्न र औषधिको अभाव छ । इजरायलले हमास नामक समूहलाई नष्ट गर्न भन्दै फेरि ठूलो सैन्य कारबाही सुरु गरेको छ। शुक्रबार मात्रै इजरायली हवाई आक्रमणमा परी गाजाका विभिन्न भागमा १६ जनाको ज्यान गएको र धेरै घाइते भएको गाजाको नागरिक सुरक्षा विभागले जनाएको छ । गुटेरेसले भन्नुभयो, “गाजाका मानिसहरू अहिले यस्तो स्थिति झेलिरहेका छन्, जुन सम्भवत: यो युद्धको सबैभन्दा क्रूर अवस्था हो ।” उहाँले इजरायललाई राहत सामग्रीको ढुवानी सहज रूपमा प्रवेश गराउन अनुरोध गर्नुभएको छ । उहाँका अनुसार हालसम्म करिब चार सय ट्रकमध्ये केवल ११५ ट्रक मात्र गाजामा पुग्न सकेका छन् ।“अहिलेसम्मको राहत भनेको, जताततै आगो लागिरहेको बेलामा एक थोपा पानी हाल्नुजस्तै हो । जब कि गाजालाई ठूलो मात्रामा सहायता चाहिएको छ ।”

विश्व खाद्य कार्यक्रमले गाजाको दक्षिण भागमा राहत बोकेको १५ ट्रक लुटिएको जानकारी दिनुभएको छ। ती ट्रकहरूले स्थानीय बेकरीमा रोटी पकाउनका लागि खाद्यान्न पुर्‍याउँदै थिए । संस्थाले भोक, निराशा र राहत आउँछ कि आउँदैन भन्ने डरले अहिलेको अवस्था झनै असुरक्षित बनाएको बताएको छ। इजरायललाई राहत छिटो र बढी मात्रामा प्रवेश गराउन आग्रह गरिएको छ। इजरायली सेनाले भने गाजामा रहेको हातहतियार गोदाम, सैन्य अड्डा र लुकेर बसेका लडाकु स्थानमा कारबाही गरिएको बताएको छ। सेनाले ७५ भन्दा बढी स्थानमा आकाशबाट बम प्रहार गरिएको जनाएको छ । गाजासँग सिमाना जोडिएका इजरायली बस्तीहरूमा पनि रकेट आक्रमणको डरका कारण सावधानी अपनाइएको छ। गाजाको उत्तरमा रहेको अल आव्दा अस्पतालमा इजरायली ड्रोनबाट गराइएको आक्रमणमा तीन जना स्वास्थ्यकर्मी घाइते भएका छन् । दक्षिण गाजामा धेरै घरहरू भत्किएको र कालो धुवाँ उठिरहेको दृश्य एएफपीका पत्रकारले देखेका छन् । यो युद्ध पुन: मार्च ५ गतेबाट सुरु भएको हो, जब इजरायलले हमासमाथि कारबाही दोर्‍हायायो। त्यसयता गाजामा तीन हजार ६७३ जना मारिएका छन् । यो युद्ध सुरु भएको कात्तिकयता गाजामा कुल ५३ हजार ८२२ जनाको ज्यान गइसकेको छ, जसमा धेरैजसो सर्वसाधारण रहेका छन् । एजेन्सी

# सप्तरी र सुनसरीका दुई युवक वेपत्ता




**राजविराज**/विवहा पश्चात् बेहुलीसँगै राजविराज आएका एक नातेदार र सप्तरीबाट अध्ययनका लागी जनकपुर निस्केका दुई जना किशोर वेपत्ता भएका छन ।

वेपत्ता हुनेमा सप्तरीका १७ वर्षिय मोहम्मद फैसल र अर्का छिमेकी जिल्ला सुनसरीका १७ वर्षकै राजा मेहता छन ।

सप्तरीको बोदेबर्साइन नगरपालिका ३ सारस्वर टोल निवासी मो.फैसल बैशाख १७ देखी वेपत्ता छन । सुनसरीको देवानगंज गाउँपालिका ६ का राजा मेहता भने जेठ १७ गते देखी वेपत्ता छन ।

मो.फैसल बैशाख १७ गते देखी परिवारजनसँग सर्म्पक विहीन छन भने राजा मेहता जेठ १ गते देखी सम्पर्क विहिन भएको उनका परिवारजनको भनाई छ ।

उनीहरु अहिले प्रहरीका साथै नेपाल तथा भारतमा रहेका आफन्त र चिनजानका सबैमा जानकारी गराउदै भौतारिएका छन । दुबैका परिवारजनले सप्तरीको इलाका प्रहरी कार्यालय कडोरबोना, इलाका प्रहरी कार्यालय बोदेबर्साइन र जिल्ला प्रहरी कार्यालय सप्तरीमा हुलिया विवरण सहितको निवेदन दिई खोजतलासका लागी आग्रह गरेका छन ।

मो.फैसल विदा सकिएपछी बैशाख १७ गते विसनपुर चौकमा वस चढी उनी अध्यनरत जनकपुरस्थित इस्लामिमियाँ सनफियाँ मदरसाका लागी प्रस्थान गरेका थिए । उनलाई छाड्न संगै आएकी आमा संजिला खातुनले ३ हजार ५ सय रुपैया आवश्यक खर्चका लागी छोराको हातमा दिदै विदाइ गरेर घर फर्केकी थिइन । तर छोरा मदरसामा नपुगेको र बीच बाटो बाटै हराएको थाहा पाएपछी उनी प्रहरी शरणमा पुगेकी थिइन ।

समाजसेवी एवं भुमि समस्या समाधान आयोग सप्तरीका सदस्य समेत रहेका मो.अनवर अलीले विद्यालय हिडेको किशोर बाटो बाटै वेपत्ता हुनु चिन्ताको विषय भएको भन्दै खोजतलासमा सबैले सहयोग गर्नु पर्ने बताएका छन ।

यता विहेवारी सकिएपछि फर्किन लागेका जन्ती र बेहुली बोकेको गाडीमा चढेर राजविराज आएका सुनसरीको देवानगंज गाउँपालिका ६ निवासी रमेश मेहताका १७ वर्षिय छोरा राजा मेहता पनि विगत २ दिन देखी वेपत्ता छन ।

राजविराज ९ मलेठबाट गएको जन्ती विहे सम्पन्न भएपछि जेठ १ गते राजविराज फर्किएको थियो । राजा मेहताका काका उमेशका अनुसार जेठ २ गते विहान ९/१० बजे सम्म भतिज मलेठ मै थिए । तर त्यसको केही समय पछि नै उनी सम्पर्क विहीन भए । उनले दिनभर खोजतलास गर्दा पनि फेला नपरेपछी खोजतलासका लागी जिल्ला प्रहरी कार्यालय सप्तरीमा हुलिया विवरण सहितको निवेदन दिएको बताए ।

# फोनबाट तलाक पाएकी सनिजालाई कुटपिट गर्ने नन्द पक्राउ

**राजविराज**/फोनबाटै श्रीमानबाट तलाक पाएकी सनिजालाई कुटपिट तथा अन्य गतिविधी मार्फत दुःख दिएको आरोपमा उनका नन्दलाई बुधबार प्रहरीले पक्राउ गरेको छ ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ७ निवासी सनिजा खातुनलाई कुटपिट तथा अनय गतिविधि मार्फत दुःख दिएको आरोपमा उनका नन्द मरियम खातुनलाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेका मरियमलाई बुधबार नै सप्तरी जिल्ला अदालतबाट ठगि तथा आपराधिक विश्वासघात मुद्दामा तीन दिनको म्याद थपेर आवश्यक अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायक उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

सासु आयसा र नन्द मरियमको कुटाइबाट घाइते भएकी सनिजाको विगत चार दिनदेखी स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ ।

अस्पतालको आकस्मिक कक्षको १४ नं बेडमा भर्ना भई उपचारत सनिजाले आफू र छोरालाई यो अवस्थामा सासु आयशा खातुन र नन्द मरियम खातुनले पुऱ्याई दिएको बताएकी छिन् ।

उनका श्रीमान मो.आकब विगत २ वर्ष देखी रोजगारीका सिलसीलामा कतारमा छन । सासु र नन्दले श्रीमान आकुबलाई झुठो कुरा पुऱ्याएर तलाकको अवस्थामा समेत पुऱ्याई दिएको उनले पीडा पोख्दै आएकी छिन् ।

उपचारका लागी काखे छोरा सहित अस्पताल भर्ना रहेकी सनिजाले विवाहको ३ वर्ष भन्दा बढी भइसक्दा पनि श्रीमानले विवाह दर्ता र नागरिकता नबनाई दिएको र सो बनाइ दिन फोनबाट पहलका लागी आग्रह गर्दा रिसाउने गरेको बताएकी छिन् ।

उनले गत मंसिर १९ गते साँझ आफु गाउँको एक आफन्तको बैवाहिक कार्यक्रममा सरिक हुन गएका बेला नन्द मरियमले कोठामा रहेको दराजबाट सुनको सिक्री, टिका, नथुनी, औठी गरी करिब ५ तोला र चाँदीको १० तोलाको विभिन्न गरगहना चोरी गरी लगेको र सो बारे इलाका प्रहरी कार्यालय पातो हुँदै जिल्ला प्रहरी कार्यालय सम्म पुगेर उनी बिरुद्ध ठगि तथा आपराधिक विश्वासघात मुद्दामा उजुरी दिएको बताईन ।

# ठगी तथा संगठित अपराध कसुरका फरार प्रतिवादी राय पक्राउ

**राजविराज**/जिल्ला प्रहरी कार्यालय सप्तरीले सोमबार ठगी तथा संगठित अपराध सम्बन्धि कसुरका एक फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले ठगी तथा संगठित अपराधका फरार प्रतिवादी सप्तरीको डाक्नेश्वरी नगरपालिका ७ वस्ने ४९ वर्षिय राम कुमार रायलाई पक्राउ गरेको हो ।

भरत ठाकुरको जाहेरीले बादी नेपाल सरकार रहेको उक्त मुद्दामा गत बैशाख ७ गते सप्तरी जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी भएपछि खोजतलासका क्रममा उनलाई उक्त नगरपालिकाको मझौरा गाउमा लुकी छिपी बसेको अवस्थामा पक्राउ गरीएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए ।

पक्राउ परेका रायलाई सोमवार नै म्याद थपका लागी अदालतमा उपस्थित गराइएको प्रहरीले जनाएको छ ।

# जिल्लामा शिक्षा क्षेत्र कमजोर बन्दैछ : प्याव्सन/एन प्यावसन

**राजविराज**/प्याब्सन र एन प्याब्सन सप्तरीले जिल्लामा शिक्षा क्षेत्रलाई कमजोर बनाउँदै विद्यार्थीको भविष्यमाथि खेलबाड भइरहेको जनाएको छ ।

प्याब्सन सप्तरी अध्यक्ष उग्रकान्त झा र एन प्याब्सन सप्तरी अध्यक्ष नरेशप्रताप साहले बुधबार संयुक्त प्रेस विज्ञप्ति जारि गर्दै जिल्लामा अनुमति नै नलिई र अनुमति पाएको भन्दा माथिल्लो कक्षामा विद्यार्थी भर्ना गराएर नीजि विद्यालयहरुले विद्यार्थीको भविष्यसँग खेलवाड गरिरहेको भन्दै ध्यानाकर्षण भएको जनाएको छ ।

“विद्यार्थी भर्ना गर्दा आइमिस भर्नुपर्ने हुन्छ । तर, अनुमति नपाएर संचालनमा रहेका विद्यालयहरुले आफ्नोमा अध्यापन गराई अन्यमा विद्यार्थीहरुको आइमिस भर्दै आएका छन् । यो शिक्षा क्षेत्रमा देखिएको ठूलो भ्रष्टाचार र वेथिति हो । यसलाई रोक्न नसकिए विद्यार्थीको भविष्यसँगै शिक्षा क्षेत्र नै तहसनहस हुनेमा कुनै शंका छैन् ।” विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा उच्च अदालत जनकपुर, राजविराज इजलासले पनि अनुमति पाएको भन्दा माथिल्लो कक्षामा विद्यार्थी भर्ना नगर्न अन्तरिम आदेशपछि पनि त्यस्ता नीजि विद्यालयहरु संचालन भइरहेको पाइएकोले शिक्षा विकास तथा समन्वय इकाईको नेतृत्वमा अनुगमन गरिरहेको कार्यप्रति धन्यवाद समेत दिइएको छ ।

सोही विज्ञप्तिमा अनुगमन पश्चात पनि ती विद्यालयहरु संचालनमा रहेको पाइएकोले अदालतको मानहानी हुने ठहर गर्दै यस्ता कार्यले समग्र विद्यालयको इज्जत प्रतिष्ठामा समेत आँच पुऱ्याउने भएको उल्लेख छ ।

कानुनको अधिनमा रही कामकाज गर्न/गराउन र विद्यालय संचालन गर्न सबैसँग आग्रह गर्दै अझ पनि कानुन विपरित काम गरेको पाइए र सम्बन्धित निकायले कार्वाही गर्दा संगठनले केहि गर्न नसक्ने व्यहोरा जानकारी समेत विज्ञप्ति मार्फत गराइएको छ । साथै सम्बन्धित निकायले पनि यसतर्फ गम्भीर भई विद्यार्थीको भविष्यबारे सोचिदिन र शिक्षा क्षेत्रको बेथितिलाई रोकिदिन सम्बन्धित निकायसँग माग गरिएको छ ।


## स्तन क्यान्सरका लक्षण

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठागुठी देखिनु,
- स्तनको छाला लामो समयसम्म निको नहुने खटिरा आउनु,
- स्तनको आकारमा परिवर्तन आउनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु आदि ।

यी मध्ये कुनै पनि लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिंगा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

अनुरोधकर्ता
छिन्नमस्ता गाउँपालिका, सप्तरी


**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*